# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम हिमालयन एभरेष्ट ईन्स्योरेन्स लि. संग सम्बन्धित आ. व. २०८१/८२ चौथो त्रैमासिकको सूचना

१. **निकायको स्वरुप र प्रकृति**: कम्पनी ऐन, २०६३ बमोजिम २०४५ साल मार्ग ४ गते नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भई पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो। मिति २०५० श्रावण ६ गते नेपाल बीमा प्राधिकरणबाट निर्जीबन बीमा व्यवसाय गर्ने बीमकको प्रमाणपत्र पाई नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०५० श्रावण १३ गते कारोबार सुरू गर्ने इजाजत पत्र प्राप्त गरी २०५० मार्ग १६ गतेदेखि निर्जीबन बीमाको कारोबार गर्दै आएका छौं। साविक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. र एभरेष्ट इन्स्योरेन्स कं. लि. एक आपसमा गाभिएर बनेको संस्था हिमालयन एभरेस्ट इन्स्योरेन्स लिमिटेडको नामबाट २०७९ श्रावण १ गतेदेखि एकृकित कारोबार सुरू गरिएको छ।

२. **निकायको काम, कर्तब्य र अधिकार**: केन्द्रिय कार्यालय बबरमहल, काठमाण्डौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा गरी जम्मा ८४ वटा शाखा, ४ तेस्रो पक्ष बीमा काउन्टरहरूबाट कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम कर्तव्य र अधिकारहरू प्रयोग गरी निर्जीबन बीमा व्यवसाय संचालन गर्दै आएकोछ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**: हाल यस कम्पनीमा स्थायी, अस्थायी र करार सेवामा समेत गरी ५१९ जना कर्मचारी कार्यरत छन्। आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७९ तथा कर्मचारी नियमावली, २०७९ र बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० बमोजिम कर्मचारीहरूको कार्य विभाजन गरिदै आएको छ।

४. **निकायबाट प्रदान गरिने सेवा**: यस कम्पनीबाट बिभिन्न निर्जिबन बीमा सेवाहरू जस्तै सम्पत्ति, सामुद्रिक, मोटर, हवाई, इन्जिनियरिङ्ग, विविध, कृषी तथा पशु र लघुबीमा सेवा प्रदान गर्दै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**: केन्द्रिय कार्यालय, बबरमहलको हकमा प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत र नायव महाप्रवन्धक, विभागीय प्रमुखहरू र शाखा तथा उपशाखा कार्यालयहरूको लागि सम्बन्धित शाखा तथा उपशाखा प्रमुखहरू जिम्मेवार हुनेछन्।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**: यस कम्पनीले प्रदान गर्ने वीमा सेवाहरू नेपाल बीमा प्राधिकरणबाट जारी भएका निर्देशन बमोजिमको दर रेटमा र दर रेट नतोकिएका बीमाको हकमा अण्डरराईटिङ्ग बिभागबाट तोकिए बमोजिम वा पूनर्बिमकहरूबाट तोकिए बमोजिमका बीमाशुल्क भुक्तानी भएपछि तत्काले बीमालेख उपलब्ध गराउने व्यवस्था गरिएको छ। दावीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक न्यूनतम कागजात प्राप्त भएको २१ दिन भित्रमा भुक्तानी गरिने व्यवस्था रहेको छ।
आर्थिक प्रशासन सम्बन्धी विनियमावली तथा कर्मचारी नियमावली बमोजिम शाखा प्रमुख, बिभागीय प्रमुख, नायव महाप्रबन्धक, सहायक प्रमुख कार्यकारी अधिकृत, तथा प्रमुख कार्यकारी अधिकृतलाई साङ्गठनिक स्वरूप अनुसार निर्णय गर्ने अधिकारी तोकिएको छ।

७. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**: उजुरीको प्रकृति अनुसार शाखा प्रमुख, विभागीय प्रमुख, नायव महाप्रवन्धक, सहायक कार्यकारी प्रमुख, तथा प्रमुख कार्यकारी अधिकृतलाई निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ।

८. **सम्पादन गरेको कामको विवरण**: बीमा ऐन, २०७९ तथा नेपाल बीमा प्राधिकरणको निर्देशन र परिपत्र बमोजिम निर्जिबन बीमा सेवाका सम्पूर्ण सेवाहरू कम्पनीले सम्पादन गर्दै आएको छ।

९. **सूचना अधिकारी र प्रमुखको नाम एवं पद**:
सूचना अधिकारी (सहायक महाप्रबन्धकको नामः श्री ज्ञानेन्द्र उप्रेति मोबाईल नं. ९८५११४५६६१
प्रमुख कार्यकारी अधिकृत : श्रीमती अन्जु श्रेष्ठ, मोबाईल नं. ९८५११११६९२

१०. **ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची**: नेपाल सरकारबाट लागु भएका सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरू यस कम्पनीले पालना गर्दै आएको र देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू निर्जिबन बीमा व्यवसायको लागि प्रमुख रहेका छन्।
क) कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६४
ख) बीमा ऐन, २०७९ तथा नियमावली, २०४९
ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
घ) मुलुकी देवानी संहिता, २०७४
ङ) सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण निवारण नियमावली, २०७३
च) नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू,
छ) सम्पत्ती सुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निर्देशिका, २०७४ तथा
ज) अण्डरराईटिङ्ग तथा दावी सम्बन्धी म्यानुयलहरू, पूनर्बिमा नीति नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका निर्देशन, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७९ तथा कर्मचारी नियमावली, २०७९।

११. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण**: कम्पनीको आम्दानी खर्च वित्तीय अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ। साथै कम्पनीको वेबसाईट www.hei.com.np मा समेत उपलब्ध छ।

१२. **तोकिए बमोजिमका अन्य विवरण**: नभएको।

१३. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**:
कर्मचारी तालिम, अभिकर्ता तालिम तथा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू आयोजना गरिएको थियो

१४. **सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण**: www.hei.com.np

१५. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**: नभएको ।

१६. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण**:
त्रैमासिक वित्तीय विवरणहरू, गाडी तथा मोटरसाईकल लिलाम सम्बन्धी जानकारी तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७९ सम्बन्धी खरिदका जानकारीहरू सार्वजनिक सूचना साथै कम्पनीको वेवसाईटमा समेत राख्ने व्यवस्था गरिएको छ।

१७. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**: नभएको।

**हिमालयन एभरेष्ट**
इन्स्योरेन्स लिमिटेड

**केन्द्रीय कार्यालय**:
**बबरमहल, काठमाण्डौ, पो.ब.नं. १४८**
**फोन नं. ०१-५२४५०९०/५२४५०९६**
**फ्याक्स नं. ०१-५२४५०९९**